मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु ।
- जोनीं र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्यधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० भदौ १७ गते आइतबार (Sunday, Sept. 3 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

मुख्य राजमार्गमा सिटी सफारीलाई प्रतिबन्ध

इटहरी, भदौ १६। इटहरी उपमहानगरपालिकाले मुख्य राजमार्ग क्षेत्रमा तीनपाङ्ग्रे ई-रिक्सा चलाउन नदिने भएको छ ।

इटहरीमा सिटी सफारीका कारण दुर्घटना बढेको भन्दै मुख्य राजमार्गमा आज आइतबारदेखि तीन पाङ्ग्रे ई-रिक्सा चलाउन रोक लगाइएको छ । इटहरी उपमहानगरपालिकामा दर्ता भएका सफारी मात्र उपमहानगरपालिकाभित्र चलाउन दिने पनि निर्णय भएको छ । बाटोमा जाम गरेको र दुर्घटना बढाएको भन्दै इटहरीका मुख्य राजमार्गमा सिटी सफारी गुड्न नदिने निर्णय गरिएको हो । इलाका प्रहरी कार्यालय इटहरी, ट्राफिक प्रहरी कार्यालय, इटहरी उपमहानगरपालिका र सफारी सञ्चालकका नेतृत्वबीच सहमति गरेर यस्तो निर्णय भएको हो ।

अवदेखि सिटी सफारीहरूलाई मुख्य सडकमा यात्रुलाई कुरेर बस्न र जथाभावी यात्रु चढाउन तथा ओराल्न रोक लगाइएको इटहरी उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेलले बताए ।

इटहरी उपमहानगरपालिकामा बसेको बैठकले इटहरीको मुख्यचौक र राजमार्ग क्षेत्रमा अन्य सवारीसाधन गुड्न पनि असहज भएकोमा सफारीले थप असहज पारेको भन्दै सफारीलाई मुख्य सडकमा निषेध गरिएको ट्राफिक प्रहरी कार्यालयका डीएसपी मोहनविक्रम दाहालले जानकारी दिए ।

अहिले उपमहानगरपालिकाले नै सफारी दर्ता गर्दै आएको छ । अहिले ई-रिक्सा सवारी कार्यविधि अनुसार मात्र दर्ता गरी चलाउन पाइने भएको छ । अब इटहरीमा अन्य पालिकाको सफारीहरू यात्रु पर्खेर बस्न पाउने छैनन् ।

कार्यविधि अनुसार व्यवस्थित गर्दै ई-रिक्सा दर्ता प्रक्रियामा नम्बरिङ पनि गर्ने भएको छ । जसले गर्दा ई-रिक्सा पहिचान गर्न ट्राफिक व्यवस्थापनमा सहज हुने उपमहानगरले जनाएको छ । इटहरीभित्र करिब ५ हजार सफारी सञ्चालनमा रहेका छन् तर इटहरीमा केवल ११ सय सफारी मात्र दर्ता प्रक्रियामा आएको इटहरी उपमहानगरले जनाएको छ ।

साढे ७ लाख श्रमिक सामाजिक सुरक्षा योजनामा

काठमाडौं, भदौ १६। सरकारले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । संविधानले निर्दिष्ट गरेको सामाजिक सुरक्षाको हक कार्यान्वयनका क्रममा सरकारले अनौपचारिक श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिका लागि लक्षित गर्दै सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको हो ।

सामाजिक सुरक्षा कोषले गतसाउन ३१ गतेदेखि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन थालेको छ । औपचारिक क्षेत्रका श्रमिक र बैदेशिक रोजगारीमा रहेका व्यक्ति यसअघि नै सामाजिक सुरक्षाको दायरामा आइसकेका छन् । नेपालमा क्रियाशील ट्रेड युनियनले लामो समयदेखि अनौपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा योजना सञ्चालन गर्न माग गर्दै आएका थिए ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुँवर ढिलै भए पनि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षामा सहभागी गराइनु सुखद् भएको बताउँछन् । सङ्गठित क्षेत्रमा काम गर्दै आएका श्रमिकले कुनै न कुनै रुपमा सामाजिक सुरक्षावापत उपदान, पेन्सनलगायत सुविधा पाइरहेका थिए- उनले भने- अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षाबाट वञ्चित थिए । अब उनीहरु पनि सामाजिक सुरक्षामा सहभागी हुने बाटो खुलेको छ ।

यद्यपि, सो योजना कार्यान्वयनमा सरकारको स्पष्ट

प्रतिबद्धता नहुँदा संशय पैदा भएको उनको भनाइ छ । ५० लाखभन्दा बढी अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट योगदान गर्नुपर्ने रकमका सम्बन्धमा सरकारको प्रतिबद्धता आएको छैन- उनले भने- उक्त योजनाको सफल कार्यान्वयनका लागि नीतिगत र कार्यक्रमगत तयारी आवश्यक छ । योजना कार्यान्वयनमा आएसँगै कृषि, यातायात, निर्माण वा घरेलु कामदार सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् ।

योजनाको शुभारम्भ गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारी करार र ज्यालादारीमा रहेका श्रमिकलाई चरणबद्धरुपमा कोषमा आबद्ध गराउने कार्य शुरु गरिने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले अनौपचारिक क्षेत्रका श्रमिकका हकमा राज्यको सह-योगदानलाई कार्यान्वयनमा ल्याउने विषयमा सरकार गम्भीर रहेको बताएका थिए ।

पछिल्लो समय सामाजिक सुरक्षा नागरिकको नैसर्गिक अधिकार बनेको छ । आर्थिक रुपमा सम्पन्न मुलुकले लामो समयदेखि नै सामाजिक सुरक्षा योजना सञ्चालन गरिरहेका छन् । नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने सन्दर्भमा दक्षिण एशियाली मुलुकका तुलनामा नेपाल अग्रणी स्थानमा रहेको सरकारी अधिकारीको भनाइ छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालका सहसचिव डण्डुराज घिमिरे भारत, बङ्गलादेशको तुलनामा नेपाल सामाजिक सुरक्षा योजना कार्यान्वयनमा अगाडि रहेको बताउँछन् । भारतले भर्खरै मात्र एक प्रतिशत सामाजिक सुरक्षा कर उठाउन थालेको छ । हामी त्यसभन्दा धेरैमाथि उठेर औपचारिक, अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगार क्षेत्रमा रहेका श्रमिकलाई योजनामा समेट्न थालेका छौं- उनले भने । कोषले सञ्चालन गरेको सामाजिक सुरक्षा योजना पनि विकसित मुलुकै हाराहारीमा रहेको सरकारी भनाइ छ ।

हालसम्म सात लाख ४९ हजार नौ सय ४५ श्रमिक सामाजिक सुरक्षा योजनामा समेटिएका छन् । बिहीबारसम्म औपचारिक क्षेत्रका चार लाख ४० हजार एक सय ६१ र वैदेशिक क्षेत्रका तीन लाख नौ हजार सात सय ६५ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ । कोषले हालसम्म योगदानकर्तालाई विभिन्न सुविधा योजना अन्तर्गत पाँच अर्ब ६४ करोड दाबी भुक्तानी गरेको छ । कोषबाट ९७ हजार आठ सय १५ योगदानकर्ताले विभिन्न सुविधा

(बाँकी अन्तिम पृष्ठमा)

अनेरास्ववियू कोशीको अध्यक्षमा जीवी

इटहरी, भदौ १६। एमाले निकट विद्यार्थीहरुको सङ्गठन अनेरास्ववियू कोशी प्रदेशको अध्यक्षमा जीवी गजल निर्वाचित भएका छन् ।

विराटनगरमा भएको प्रथम अधिवेशनबाट जीवी गजल सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन् । उनी यसअघि अनेरास्ववियूको सचिवालय सदस्य र दुई कार्यकाल सुनसरीका अध्यक्ष भइसकेका छन् ।

कोशी कमिटीको उपाध्यक्षमा भने नारायण पोखरेल र अङ्शित थापा सर्वसम्मत निर्वाचित भएका छन् । सचिवमा सन्तोष घिमिरे सर्वसम्मत निर्वाचित भएको अनेरास्ववियूले जनाएको छ ।

यसअघि घिमिरे र गजल दुवैले प्रदेशको अध्यक्षको दावी गरेका थिए । अधिवेशनले ४ जनालाई उप सचिवमा निर्वाचित गरेको छ । निर्वाचित हुनेहरूमा लक्ष्मी न्यौपाने, प्रवेश ठकुरी, पारस राई र रञ्जना घतानी रहेका छन् ।

५१ सदस्यीय प्रदेश कमिटीको कोषाध्यक्षमा भने नवराज घिमिरे निर्वाचित भएका छन् ।

अधिवेशनमा ४ सय ३० जना प्रतिनिधि सहभागी थिए ।

एमसीसी र बीआरआइबाट लाभ लिनुपर्छः सभामुख

भक्तपा, भदौ १६। सभामुख देवराज घिमिरेले एमसीसी र बीआरआइबाट मुलुकले आफ्नो हित हुने गरी लाभ लिनुपर्ने बताएका छन् ।

'फाउण्डेशन अफ ट्रान्स हिमालयन रिसर्च एण्ड स्टडिज'ले काठमाडौंमा शनिवार आयोजना गरेको कार्यक्रममा उनले ठूला राष्ट्रको प्रभावलाई सन्तुलनमा राख्दै यसबाट प्रतिस्पर्धात्मक लाभ लिनुपर्ने बताएका हुन् ।

सभामुख घिमिरेले छिमेकी राष्ट्रहरुले गर्ने सहयोगलाई आफ्नो मुलुकले राष्ट्र हित हुने गरी प्रयोगमा ल्याउनुपर्नेमा जोड दिए । अमेरिकी आर्थिक सहयोग परियोजना (एमसीसी) र चीनको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआई) कार्यक्रमलाई सरकारले राष्ट्रियतालाई पहिलो प्राथमकिता दिँदै यसबाट फाइदा कसरी लिन सकिन्छ, त्यसमा ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

सभामुख घिमिरेले भने- ठूला राष्ट्रहरुको प्रभावलाई सन्तुलनमा राख्दै आउने अवसरलाई मुलुकको आर्थिक विकास र जनताको अत्मनिर्भर बन्ने बाटोमा लगाउनुपर्छ । नेपालले यी दुवै कार्यक्रमबाट नेपाली जनताको हितमा कसरी जाने ? राष्ट्रियतालाई पहिलो प्राथमिकता दिँदै दुवै मुलुकबाट फाइदा कसरी लिन सकिन्छ भन्ने कुरालाई ध्यान दिनुपर्ने बेला आएको सभामुख घिमिरेले बताए ।

कार्यक्रममा नेपालका लागि चीनका राजदूत छन् सोडले नेपालको आर्थिक विकासमा चीन सधैँ साथमा रहने बताए । उनले नेपालको आर्थिक विकासमा कृषि, उद्योग, प्रविधिलगायत क्षेत्र महत्वपूर्ण रहेकाले यी क्षेत्रको विकासमा चीनको सहयोग सँधै रहने प्रतिबद्धता जनाए ।

माओवादी अभियान वडा तहसम्म

भक्तपा, भदौ १६ । 'जन-जनमा माओवादी, घर-घरमा माओवादी' भन्ने मूल नाराका साथ माओवादी केन्द्रले शनिवारबाट देशव्यापी रुपमा जनतासँग माओवादी रुपान्तरण अभियान शुरु गरेको छ । तीन महिना चल्ने यो अभियान वडास्तरमा चल्ने बताइएको छ ।

जसका लागि केन्द्र, प्रदेश र जिल्ला कमिटीका नेताहरुको नेतृत्वमा वडा स्तरीय अभियान कमाण्ड टिमहरु समेत निर्माण गरिएको छ ।

निर्माण गरिएको कमाण्डले अभियान सञ्चालन गर्ने बताइएको छ । यसैक्रममा अर्जुनधारा-६मा जनतासंग

(बाँकी अन्तिम पृष्ठमा)

'कांग्रेसले मात्र देश बदल्ने सामर्थ्य राख्छ'

भक्तपा, भदौ १६। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले जनतामा ठूलो छट्पटी र आक्रोश बढिरहेको हुँदा बर्दलिएको कांग्रेसले मात्र देश बदल्ने सामर्थ्य राख्ने बताएका छन् ।

नेपाली कांग्रेस मेचीनगर समितिको धुलाबारीमा आयोजित नगर सम्मेलनमा उनले सबैजसो राजनीतिक दलको नेतृत्वले गलत क्रियाकलाप गर्दा समाजले आत्मविश्वास गुमाएको जनाउँदै कांग्रेसले अब जरैदेखि रुपान्तरित भएर गुमेको आत्मविश्वास फर्काउनुपर्ने बताए ।

जनतामा ठूलो छटपटी छ, आक्रोश छ- उनले भने- जुन दल सत्तामा पुगे पनि, जुन नेता पुगे पनि आफूलाई बदलेका छन् । देश र जनतालाई केही पनि गरेनन् भन्ने आम आक्रोश बढिरहेको छ, यो निराशा कुराले होइन, काम र परिणामले चिरेर कांग्रेसले नै सही नेतृत्व गर्नसक्छ भन्ने साबित गर्नुपर्ने बेला आएको छ- उनले भने । महामन्त्री थापाले नीतिगत भ्रष्टाचार र काण्डै काण्डले सत्तामा पुगेका बदनाम भइरहेका हुँदा कांग्रेसकै कोही नेताले पनि भ्रष्टाचार गरेको रहेछ भने त्यस्तो पापको भारी पार्टीले नबोक्ने स्पष्ट पारे ।

प्रमुख दलका नेताहरुले एउटाले अर्कोको भ्रष्टाचारको पोल खोल्छु भनेर तर्साउने गरेको समेत उनको आरोप थियो । उनले नेपाली कांग्रेसलाई रुपान्तरण गर्नका लागि वि.सं. २०८२ मा पार्टीको महाधिवेशन गर्नुपर्ने र चुनावमा उम्मेदवार छान्न आफ्नै तहका क्रियाशील सदस्यले मतदान गर्ने परिपाटी बसाउनुपर्ने बताए ।

आफू वरिपरि डुलिरहने र नजिकमा बसेर चाकरी गर्नेलाई मात्रै चुनावमा उम्मेदवारको टिकट दिने पुरानो प्रणालीले कांग्रेसका सदस्य तथा मतदातामा निराशा बढेको महामन्त्री थापाको आरोप थियो । माथिबाट टिकट पठाएर उम्मेदवार बनाउने प्रथा अब बन्द हुनुपर्छ- उनले भने- पार्टीभित्र सबै क्रियाशील सदस्य भएकाले कोही ठूलो र कोही सानो भन्ने हुँदैन ।

महामन्त्री थापाले २३ प्रतिशतभन्दा बढी युवा जनशक्ति रहेको स्वर्णिम कालमा मुलुकको समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ आशा जगाउने कुनै कार्य सरकारमा पुगेकाबाट नभएको गुनासो गरे । पुराना र नयाँ राजनीतिक दलहरु मुलुकको भविष्य तथा जनताको समस्यामा चिन्तित हुन छाडेर २०८४मा हुने चुनाव कसरी जित्ने भनेर बढकिन थालेको टिप्पणी गरे ।

'अखाद्य' दूध भारतबाट नेपाल भित्रिँदै

काठमाडौं, भदौ १६। भारतबाट अवैध रूपमा दूध नेपाल भित्रिने गरेको भन्ने गुनासो किसान र व्यवसायीहरूबाट आएपछि त्यसको अनुगमनका लागि उच्चस्तरीय अध्ययन टोलीहरू केन्द्रबाट सीमा क्षेत्रमा पठाइएको नेपाल दुग्ध विकास बोर्डले जनाएको छ ।

नेपालमा भन्दा भारतमा दूधको मूल्य सस्तो भएपछि उतावाट अवैध रूपमा दूध नेपाल भित्रिने र त्यसले गर्दा आफूहरूलाई दूध विक्री गर्न गाह्रो हुने गरेको नेपाली किसान र व्यवसायीहरूको गुनासो रहँदै आएको छ ।

गुनासोहरू आएपछि कृषि मन्त्रालयको नेतृत्वमा दुईवटा टोली अध्ययनका लागि भारतसँगको विभिन्न सीमा नाकामा गएको छ- बोर्डका कार्यकारी निर्देशक डाक्टर राजेन्द्रप्रसाद यादवले भने । ती टोलीले स्थलगत अध्ययन गरेर प्रतिवेदन बुझाएपछि त्यसै अनुसार हामी थप निर्देशन दिनेछौं - उनले भने ।

किसान र व्यवसायीको चिन्ता

नेपालगञ्ज र आसपासका बजारमा भारतबाट बिना रोकटोक दूध आएपछि नेपाली दूधको बजारमा असर परेको जिल्ला दूग्ध व्यवसायी संघ बाँकेका अध्यक्ष दीपकराज भण्डारी बताउँछन् ।

उनका अनुसार बाँकेमा छिमेकी जिल्ला बर्दियाबाट पनि दूध आउँदा करिब ३८ हजार लिटर दूध दैनिक जम्मा हुन्छ । अन्य जिल्लामा पठाएर बाँकेमा खपत गर्दा पनि करिब ८ हजार लिटर दूध बढी हुने गरेको भण्डारी बताउँछन् । यसरी बढी भएको दूधलाई व्यवस्थापन गर्न समस्या परिरहँदा हामीले संघको तर्फबाट केही दिनअघि सीमा क्षेत्रका भित्री नाकामा स्थलगत अनुगमन गर्यौं- उनले भने ।

बाँकेको बेतहनी क्षेत्रबाट मोटरसाइकलमा दूध तस्करी गर्नेलाई नै फेला पारेपछि थाहा पायौं, बुझ्दा यसको ठूलो सञ्जाल रहेछ । त्यसरी भारतीय नम्बर प्लेटको मोटरसाइकलमा एकपटकमा १३० लिटर दूध ल्याउने गरिएको उनले बताए ।

दूध ल्याइदिएवापत उनीहरूले पारिश्रमिक र मोटरसाइकलमा पेट्रोल पाउने गरेको पाइएको भण्डारी बताउँछन् । त्यसरी भित्रिएको दूध नेपाली विक्रेताले नै नेपालमै उत्पादित दूधसँग मिसाउँछन् । अनि त्यो दूध बजारसम्म आइपुग्छ- उनले भने ।

कतिपय मोटरसाइकल त सिधै मिठाइ पसलदेखि व्यक्तिका घरसम्म पनि जाने गरेको पाइन्छ । तर, तस्करीको सञ्जालबारे सरकारले आवश्यक अनुगमन गरेको छैन । भारतबाट भित्रिने दूधबारे सूचना माग गर्दा स्थानीय सरकार, पशु क्वारेन्टाइन कार्यालय, भन्सार कार्यालयबाट कुनै आधिकारिक तथ्याङ्क नपाइएको अध्यक्ष भण्डारीले बताए । उपभोक्ता अधिकारकर्मी प्रभात ठकुरी पनि भारतबाट कम गुणस्तरको दूध नेपाल ल्याएर विक्री वितरण भइरहेको बताउँछन् ।

भारतबाट बिहान ६ बजे ल्याइएको दूध नेपालगन्जमा ९/१० बजे आइपुग्दा पनि फाटेको हुँदैन- उनले भने। क्वारेन्टिनमा जाँच भएर आउने दूध भए पो गुणस्तरीय दूध खान पाइन्छ ।

दूध लामो समयसम्म नफाट्नुको अर्थ के ?

विभागले कुनै पनि दूध ४ देखि १० डिग्रीको तापक्रममा राख्नुपर्छ । भारतबाट मोटरसाइकलमा

(बाँकी अन्तिम पृष्ठमा)

यस्तो छ फिदिम : पाँचथर सदरमुकाम फिदिम बजारभित्र पर्ने मेची राजमार्गको चौडाइ बढाएर कालोपत्रे गरेपछि सुन्दर देखिएको छ । बीचमा फूलबारीसहितको सडक बनाइएको छ भने सडक बत्ती राखेर सुन्दर बनाइएको छ । बजार क्षेत्रमा राखिएका सडक वत्तीले सौन्दर्य थपिएको छ । **तस्वीर: गिरिराज बाँस्कोटा/पाँचथर**

श्लोक वाचिका सरुलाई क्यान्सर

झापा, भदौ १६। छन्द कविताहरू मीठो शैलीमा वाचन गरेर ख्याति कमाएकी सरु गुरागाँई क्यान्सर रोगबाट पीडित भएकी छन् । उनलाई घाँटीको क्यान्सर भएको छ ।

परिवारसहित अमेरिकाको ओहायो शहरमा बस्दै आइरहेकी गुरागाँई अहिले त्यहाँको युनिभर्सिटी अफ केन्टकी युके हस्पिटलमा उपचाररत् छिन् । उनको थाइराइडको शल्यक्रिया भएको छ । निकटस्थ स्रोतका अनुसार उनी शल्यक्रियापछि 'रिकभरी' को चरणमा छिन् ।

स्वास्थ्य परीक्षणको सबै रिपोर्टहरू आइसकेपछि थप उपचारविधिबारे टुंगो लाग्ने पारिवारिक स्रोतले जनाएको छ । घाँटी वरिपरिको लिम्फ नोडहरूमा फैलिएको अवस्थामा क्यान्सर पहिचान भएको थियो । सरुका श्रीमान् मुरारी गुरागाँईले पत्नीको स्वास्थ्योपचारका लागि आर्थिक सहयोगका लागि अपिल गरेका छन् । उनले गो फन्ड मीमार्फत रकम सहयोग गर्न आग्रह गरेका हुन् ।

उनले लेखेका छन्- 'मेरी

जीवनसङ्गीनी, बच्चाहरू (वर्ष ७ र २२ महिना) की आमा, यहाँहरूकै प्रिय रामायण वाचिका तथा छन्द कविता वाचिका सरू गुरागाईं विगत एक वर्षदेखि हाडजोर्नी सम्बन्धी समस्याको उपचार गराइरहेको अवस्थामा हाल क्यान्सर जस्तो प्राणघातक रोगसँग जुधिरहेकी छिन् । यस्तो असहज र अकल्पनीय परिस्थिति जसको कारणले उनको अति प्रिय छन्द कविता वाचनको काम पूर्ण रूपमा रोकिएको छ, शीघ्रातिशीघ्र पूर्ववत् अवस्थामा फर्किएर पुनःआफ्ना प्रस्तुतिहरू यहाँहरू समक्ष लिएर आउने हाम्रो अभिलाषा र यहाँहरूको अनुरोध पूरा गर्न हामी हजुरहरूसमक्ष सहयोगको अपिल गर्नको निम्ति बाध्यात्मक परिस्थिति सिर्जना भएको छ ।' गुरागाँई दम्पत्तिका ७ वर्ष र २२ महिनाका दुई सन्तान छन् । नेपालमा इलाम घर भएका उनीहरू १५ महिनादेखि अमेरिकामा बस्न थालेका हुन् । सरुले अमेरिकाबाटै छन्द कविताका अडियोहरू बनाएर युट्युबमा हाल्ने गरेकी थिइन् ।

आदिकवि भानुभक्त आचार्यको रामायणका श्लोकहरू वाचन गरेर युट्युबमा धारावाहिक प्रशारण गरेपश्चात उनीलाई धेरैले चिनेका हुन् । उनी महिला र वृद्धवृद्धाहरुबीच बढी लोकप्रिय छिन् । एक वर्षदेखि स्वास्थ्यमा समस्या देखिएपछि उनको कविता वाचन अवरुद्ध बनेको छ ।

हवाई डढेलो: ३८५ जना बेपत्ता

काठमाडौं, भदौ १६। अमेरिकाको हवाई राज्यको माउ टापुको जङ्गलमा लागेको आगलागीपछि तीन सय ८५ जना अझै बेपत्ता भएका छन् ।

माउ प्रहरी विभाग र अमेरिकी संघीय अनुसन्धान ब्यूरोले शनिबार संयुक्त रुपमा एक विज्ञप्ति निकालेर उक्त जानकारी दिएको हो ।

माउइ जङ्गलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलदा त्यसमा परेर एक सय १५ जनाले ज्यान गुमाएका छन् । अधिकांशको मृत्यु माउइको समुद्री किनारको लहाइनमा गत साउन २३ गते लागेको डढेलोमा परेर भएको हो ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौंपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६०को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए ।

सुकिला मान्छेको सामुहिक मृत्युको चर्चा

झापा, भदौ १५। कवि राजेश ढुंगानाको कविता संग्रह 'सुकिला मान्छेको सामुहिक मृत्यु' माथि शनिबार विर्तामोर्डमा चर्चा गरिएको छ ।

कार्यक्रममा वक्ताको रुपमा भवानी क्षेत्री, पुण्य बराल र लेखनाथ भट्टराई उपस्थित थिए भने पत्रकार लीला अनमोलले सहजीकरण गरेकी थिइन् ।

त्यस्तै साहित्यकारहरु पुण्य खरेल, लीला उदासी र गणेश निरौलाले टिप्पणी गरेका थिए । नेपाली लेखक संघ झापाका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकार बिजय खरेलको स्मृतिमा शोकसभा समेत गरिएको थियो ।

झापाली लेखक, साहित्यकारको गुणात्मक एवम् उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको सञ्चालन समीरबाबु कट्टेलले गरेका थिए ।

'ऐंचो पैंचो' लाई बिदाको फाइदा

जनैपूर्णिमा तथा गाईजात्राको सार्वजनिक विदालाई लक्षित गरेर बिहीबारबाट प्रदर्शनको मैदानमा उत्रिएको कृषा चौलागाईं निर्देशित फिल्म 'ऐंचो पैंचो'ले बक्स अफिसमा सुखद् शुरुवात गरेको छ ।

वितरक रोहित कट्टेलले फिल्मलाई अत्यन्त राम्रो ओपनिङ मिलेको दावी गरे । बिहीबारको अकुपेन्सीलाई मध्यनजर गर्दै शुक्रबार र शनिबारका लागि केही मल्टीप्लेक्सहरुमा शो संख्यामा समेत वृद्धि भएको उनले जानकारी गराए । 'वर्ड अफ माउथ' राम्रो रहेकाले फिल्मले हलमा लामो यात्रा गर्ने उनको विश्वास छ ।

उनले बिहीबार मोफसलमा पनि फिल्मको व्यापार सन्तोषजनक रहेको बताए ।

निर्देशक चौलागाईं, कलाकारहरु स्वस्तिमा खड्का, वर्षा राउत, सुशील सिटौला र कोशिस क्षेत्रीले काठमाडौंका केही हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझेका थिए । राजनीतिलाई मियो बनाएर कथावाचन गरेको यो फिल्म 'काले केटाले' गीतका कारण चर्चामा थियो ।

फिल्ममा मुकुन भुषाल, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायतको पनि अभिनय रहेको छ । फिल्ममा अभिमन्यु निरवीको लेखन र पुरुषोत्तम प्रधानको छायांकन छ । फिल्ममा वर्षा र सुशिलको अभिनयको निकै प्रशंसा भैरहेको छ ।

अखाद्य ...

क्यानमा राखेर ल्याउँदा त्यो तापक्रममा ल्याउन सम्भव नहुने बताइन्छ ।

खाद्य तथा गुणस्तर विभागकी पूर्व महानिर्देशक जीवनप्रभा लामाले लामो समय दूध नफाटोस् भन्नका लागि विगतमा सोडा, न्युट्रलाइजर लगायतका विभिन्न रासायनिक पदार्थ मिसाइने बताइन् ।

भारतबाट भित्रिएको दूधमा के मिसाइएको छ भन्ने त परीक्षण नै गर्नुपर्छ तर केही नमिसाइएको दूध लामो समय नफाटिरहन भन्ने सम्भव छैन- उनले भनिन् । त्यति लामो समयसम्म नफाट्ने र मिठाई बनाउन मिल्नु भनेको त्यो दूधमा अखाद्य वस्तु मिसाइएको छ भन्ने सहजै अनुमान गर्न सकिने लामा बताउँछिन् ।

बिहान ९/१० बजेको समयमा मात्रै नभई दिउँसोको समयमा पनि नेपालगन्जका विभिन्न मिठाई पसलहरूमा भारतीय नम्बर प्लेटका मोटरसाइकलहरूमा क्यानमा दूध ल्याएर बेचिरहेको देख्न सकिने नेपालगञ्जस्थित पत्रकार विमला चौधरीले बताइन् । बिहीबार दिउँसो दुई बजे उनी पुग्दा नेपालगञ्जस्थित एउटा मिठाइ पसलमा भारतीय नम्बर प्लेटमा आएका मोटरसाइकलहरूले दूध बिक्री गर्दै थिए ।

कुनै पनि खानेकुरा पकाएपछि केमिकलहरू नष्ट हुन्छ भन्ने हाम्रो मान्यता छ तर अखाद्य वस्तु मिसाइएको दूध पकाएपछि त्यो खान योग्य हुन्छ भन्ने हुँदैन- अहिले काठमाडौं महानगरपालिकामा खाद्यबारे विज्ञ सल्लाहकार रहेकी लामाले भनिन् । दूधमा मिसाइने केमिकलहरूले हाइपर टेन्सन हुनेहरूलाई असर गर्छ । सुगर, प्रेसर, मुटुको बिरामीहरूलाई थप असर गर्छ ।

दूधको मूल्य

भारतबाट अवैध रूपमा भित्रिने दूध किन्दा ७/८ रुपैयाँ सस्तो पर्ने उपभोक्ताहरू बताउँछन् । जिल्ला दूध व्यवसायी संघ बाँकेका अनुसार साढे चार प्रतिशत फ्याट र एसएनएफ (सलिड नट फ्याट)को मात्रा ८ प्रतिशत रहेको होलफ्याट दूधको मूल्य प्रतिलिटर १०० रुपैयाँ तोकिएको छ । त्यसगरी ३ प्रतिशत फ्याट र ८ प्रतिशत एसएनएफ रहेको दूधको मूल्य ९६ रुपैयाँ तोकिएको छ ।

भारतबाट अवैध रूपमा दूधसँगै खुवा र पनिर पनि भित्रिने गरेको उनको दावी छ । बाँकेका दूग्ध व्यवसायीहरूले भारतबाट अवैध रूपमा भित्रिने दूध नियन्त्रणका लागि नेपालगञ्ज उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालयलाई विभिन्न मागसहितको ज्ञापन पत्र बुझाएका थिए ।

प्रहरीले पहिला पनि अनुगमन गर्दै नै आएको छ । तर,पछिल्लो पटक ज्ञापन पत्र पाएपछि हामीले थप चनाखो भएर हेरिरहेका छौं- आचार्यले भने । तर अरू खाद्य सामाग्रीजस्तो दूध फेला परेर नष्ट गर्नुपरेको अवस्था भने छैन ।

नेपालमा दूधको उत्पादन, माग र खपतको अवस्था कस्तो छ ?

सरकारी तथ्याङ्क अनुसार नेपालमा वर्षमा २५ लाख ७० हजार मेट्रिक टन दूध उत्पादन हुन्छ ।

दैनिक रूपमा ६५/७० लाख लिटर दूध उत्पादन हुने र त्यसको १७ प्रतिशत औपचारिक क्षेत्रमा, ३३ प्रतिशत अनौपचारिक क्षेत्र र बाँकी ५० प्रतिशत घरेलु प्रयोजनका लागि प्रयोग हुने गरेको दूग्ध विकास बोर्डका कार्यकारी निर्देशक डाक्टर यादव बताउँछन् । तर, पछिल्लो समय दूधको खपत १० देखि १२ प्रतिशतले घटेको उनी बताउँछन् ।

आर्थिक मन्दीका कारण दूधको खपत पछिल्ला दिनमा घटेको छ । कतिपय मानिसमा लम्पीस्किन लागेका वस्तुको दूध खान हुँदैन भन्ने गलत सोचका कारण पनि खपत कम भएको छ- उनले भने । अबको दुई वर्षमा नेपाललाई दूधमा पूर्ण रूपमा आत्मनिर्भर बनाउने सरकारको लक्ष्य रहेको यादवले बताए । वीवीसी

साढे ...

लिएका छन् । हालसम्म रु. ४० अर्ब ६५ करोड योगदान सङ्कलन भएको छ ।

सामाजिक सुरक्षा योजनामा सहभागी हुन अनौपचारिक क्षेत्रका श्रमिकले नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकको २० दशमवल ३७ रकम र स्वरोजगारमा रहेका व्यक्तिले ३१ प्रतिशत रकम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । अनौपचारिक श्रमिककातर्फबाट योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकारकातर्फबाट ९ दशमलव ३७प्रतिशत जम्मा हुनेछ । सरकारकातर्फबाट जम्मा गरिने रकम संघ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदानकर्ता आफैंले जम्मा गर्न सक्नेछन् ।

सरकारले चालू आर्थिक वर्षदेखि श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार तीन सय तोकेको छ । जसमा आधारभूत पारिश्रमिक १० हजार आठ सय २० र महंगी भत्ता छ हजार चार सय ८० तोकिएको छ । त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिको २० दशमलव ३७ प्रतिशत आफैं जम्मा गर्नसक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको छ ।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्नेछ । उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन् । बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधारभूत परिश्रमिकको ६० प्रतिशत रकम, जुनसकै कारणबाट दुर्घटना हुँदा रु. सात लाख उपचार खर्च र अशक्तता भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन् । कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुगेको र कम्तीमा एक सय ८० महिना योगदान गरेको हुनुपर्नेछ ।

अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर सो योजनामा सहभागी हुन सक्नेछन् । आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिक रुपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र, सम्पर्क नम्बर पेस गर्नुपर्नेछ ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गर्ने गरेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

कोषले सो योजनालाई स्थानीय तहसँगको समन्वयमा अगाडि बढाउने तयारी गरेको छ । उक्त योजनामा श्रमिकको सहभागिता वृद्धि गर्न स्थानीय तहसँग छलफल भइरहेको प्रवक्ता पन्थीले जानकारी दिए । कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन स्याङ्जाको फेदीखोला र मकवानपुरको भीमफेदी गाउँपालिकासँग सम्झौता गरेको छ ।

सम्झौता अनुसार पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिककोतर्फबाट आधारभूत परिश्रमिकको ९ दशमवल ३७ प्रतिशत र सम्बन्धित व्यक्तिको ११ प्रतिशत गरी कुल २० दशमलव ३७ प्रतिशत रकम हाल रु. एक हजार नौ सय १२ मासिक कोषमा योगदान गर्नेछ । गोरखा, बागलुङ, बर्दियालगायत जिल्लाका स्थानीय तहसँग सम्झौता गर्ने तयारी भइरहेको उनको भनाइ छ ।

माओवादी ...

माओवादी रुपान्तरण अभियान-२०८० सञ्चालन गरिएको छ । बाल बिकास केन्द्रमा आयोजित अभियानको उद्घाटन गर्दै पार्टीका प्रदेश सचिवालय सदस्य तथा झापा जिल्ला सह-इञ्चार्ज सीपी कडरियाले अभियानका बारेमा प्रष्ट पारेका थिए । राम घिमिरेको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन पदम खड्का 'रोशन' ले गरेका थिए ।

माई भ्याली एग्रो उद्योग निर्माण तथा सञ्चालनको

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८०/०५/१७)

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. १४ मा माई भ्याली एग्रो प्रा. लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावको नाम ठेगाना	माई भ्याली एग्रो प्रा.लि., मेचीनगर नगरपालिका वडा नं. १४
प्रस्तावको व्यहोरा	मेचीनगर नगरपालिका, वडा नं. १४ मा माई भ्याली एग्रो उद्योग निर्माण तथा सञ्चालन गर्न
प्रभाव पर्न सक्ने जिल्ला, नगरपालिका	झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. १४
कित्ता नं.	२१११, २१०८, २११०
कुल जग्गाको क्षेत्रफल	१७९७२.७५ वर्गमिटर
उत्पादन हुने वस्तु र उत्पादन क्षमता	Rice : 22000 MT Beaten Rice: 740 MT Vuja: 300 MT

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रणालीबीच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

१. श्री मेचीनगर नगरपालिका, वडा नं. १४ को कार्यालय
२. श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१-५३५६२११
३. श्री माई भ्याली एग्रो प्रा. लि., मेचीनगर नगरपालिका, वडा नं. १४
४. श्री ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इञ्जिनियरिङ कन्सल्ट प्रा.लि. नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ९८४६४०४११८

INVITATION FOR ELECTRONIC BIDS

Kamal Rural Municipality

Office of Rural Municipal Executive
Koshi, Province, Jhapa

First Date of publication: 2080/ 05/ 17(2023/ 09/ 03)

1. Kamal Rural Municipality, Topgachhi , Jhapa invites electronic bids from eligible bidders for the following procurement of Goods.

Contract ID No.	Name Of The Procurement	Procurement method	Bid Security Amount(Nrs)	Bid Document Fee (NRs)	Bid Submission Date	Bid Opening Date
08/KRM/SQ/ BRIDGE/ 2080/081	Provide, Supply & Transportation of Multi Truss Bridge Steel Parts upto delivery point (Roadhead): Kamal-2 & 4, Jyotinagar tole.	SQ-WORKS	50000.00	1000.00	2023/ 09/ 19 (2080/ 06/ 02) 12:00 NOON	2023/09/19 (2080/06/02) 13:00 NOON

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

CHIEF ADMINISTRTIVE OFFICER

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

संकटमा पुस्तकालय

शिक्षालाई मानव विकासको प्रमुख आधार मानिन्छ । शिक्षामा गुणस्तरीयता प्रदान गर्न पुस्तकालयको भूमिका हुन्छ । पुस्तकालय पुस्तकको त्यस्तो घर हो, जहाँ बिना भेदभाव सेवापेक्षीलाई उनीहरुको माग र आवश्यकताका आधारमा सूचना प्राप्त गर्न सकिन्छ । पुस्तकालयबाट लैङ्गिक, वर्गीय, जातीय वा धार्मिक विभेदमुक्त ज्ञान, चेतना र जीवनोपयोगी सिकाइ पाइन्छ, त्यसैले पुस्तकालयलाई खुल्ला विश्वविद्यालय पनि भन्ने गरिएको छ । नेपालमा पुस्तकालयको स्थापनाको श्रेय राजा गीर्वाणयुद्धविक्रम शाहलाई छ । उनले दुई सय एघार वर्षअघि ऐसितहासिक दस्तावेजमा लालमोहर जारी गरेका थिए । त्यही वर्षको भदौ १५ गतेलाई पुस्तकालय स्थापनाको दिन मानेर वि.सं. २०६५ देखि पुस्तकालय दिवस मनाउन थालिएको हो । त्यसयता विभिन्न कालखण्डमा विभिन्न नाममा पुस्तकालय खुले पनि, तर अहिले केही बाहेक सबै अस्तित्व रक्षाको जोखिममा छन् ।

भोजपुरमा पचहत्तर वर्षअघि स्थापित श्रीराम अमर शहीद पुस्तकालय इतिहास बन्दै गएको समाचार सार्वजनिक भएको छ । यस्तो अवस्था पूर्वी नेपालका अपवाद बाहेक सबैले भोग्दैछन् । यसो हुनुका पछि पछिल्लो समय भएको सूचना प्रविधिको विकास मुख्य हो । इन्टरनेटको विकासले पठन संस्कृति हराउँदै गएको छ । प्रविधिको बढ्दो प्रयोग, पहुँच र सामाजिक सञ्जालका कारण पठन संस्कृति हराएको छ । अहिलेको पुस्तामा ज्ञान, सिप र क्षमता आर्जन गर्नेभन्दा मनोरञ्जनका साधनमै अलमलिने प्रवृत्ति बढेका कारण जसोतसो सञ्चालनमा रहेका पुस्तकालयहरु पनि सुनसान हुन थालेका हुन् । पुस्तकालय बौद्धिक खुराकको थलो हो, जसले खोज–अनुसन्धान गर्ने आधार तयार गर्छ । त्यसका लागि अध्ययन चाहिन्छ, जसले ज्ञानको सीमालाई व्यापक गर्दै समाजलाई सभ्य, सुसंस्कृत र परिस्कृत बनाउँछ ।

झापामा पनि पुस्तकालय स्थापनाको इतिहास पुरानै छ । भद्रपुरमा स्थापित भद्रपुर पुस्तकालय धेरै समयदेखि सञ्चालनमा छैन । आफ्नो भवनमा सुविधासम्पन्न उक्त पुस्तकालय जिल्लाकै गौरव मानिन्थ्यो । सदस्य बन्न, कुनै पुस्तक पाउन पालो कुर्नु पथ्र्यो । स्थानीय अग्रजदेखि युवा पुस्ताका व्यक्तित्वहरु पुस्तकालयको श्रीवृद्धिमा सक्रिय हुन्थे । त्यसैगरी तत्कालीन अनारमनीको बिर्ता बजारमा स्थापित दुर्गा पुस्तकालय स्थानीयको अग्रसरता र सक्रियतामा आफ्नै जमिन र भवनमा सञ्चालित थियो । आज त्यो पनि अस्तित्व नै गुमाएर इतिहासको पानाबाट पनि हराइसकेको छ । पछिल्लो समय धुलाबारीमा स्थापित त्रिफला राष्ट्रिय पुस्तकालय मात्र एउटा पुस्तकालय छ, जसले विभिन्न गतिविधि मार्फत आफ्नो धर्मको निर्वाह गरिरहेको छ । त्यसो हुनुमा संस्थापक सदस्यमध्येका फलाहारी उपनामका प्रेमप्रकाश पोखरेलको सेवा, त्याग र अविच्छिन्न योगदानको भूमिका छ । देश–देशसम्म प्रतिष्ठा आर्जन गरेको त्यही पुस्तकालयले अहिले झापाको प्रतिनिधित्व गरिरहेको छ । खुल्ला विश्वविद्यालय भनिने यस्ता धरोहरको अस्मिताको रक्षा गर्न, बालबालिकालाई पठन संस्कृतितर्फ आकृष्ट गर्न, पाठ्यक्रम, वातावरण र पहल राज्यले गर्नुपर्छ । त्यसले मात्र हाम्रो मौलिकताको संरक्षण गर्दै ज्ञान, सिप, सामर्थ्यसहितको भविष्य निर्माण गर्न सकिन्छ ।

चीन भ्रमणमा नेपालका एजेण्डा

एकराज पाठक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी असोजको पहिलो साता गर्न लाग्नुभएको चीन भ्रमणमा नेपालले के एजेण्डा अघि सार्ने भन्ने विषयमा नेपालमा चासो र चर्चा शुरु भएको छ ।

विश्व अर्थतन्त्रको गणनामा विशेष स्थान हासिल गरिरहेका नेपालको उत्तर र दक्षिणका दुई छिमेकी मुलुकमा नेपालका प्रधानमन्त्री जाँदा चासो र चर्चा हुनु स्वभाविकै हो । चीन नेपालको छिमेकी मात्र नभइ नेपालको विकासका धेरै क्षेत्रसँग जोडिएको छ ।

नेपाल-चीन आर्थिक, सांस्कृतिक एवम् ऐतिहासिक सम्बन्ध अहिले झन महत्वका साथ अघि बढेको छ । त्यसैले यतिखेर प्रधानमन्त्री दाहालले गर्ने चीन भ्रमणमा पनि नेपाल र चीनबीचको सम्बन्धको सेतूमा आर्थिक र सांस्कृतिक विषय नै उठ्ने हुन् । नेपालको विकासका लागि चीनले गर्दै आएको सहयोग र पूर्वाधार निर्माणका कुरा यसमा जोडिन्छन् र अहिले त्यसमा बेल्ट एण्ड रोड इनिसिएटीभ (बिआरआई) परियोजनाको विषय थपिने देखिएको छ ।

यस विषयमा नेपाली जानकारकाबीचमा कुराकानी हुनु जरुरी छ र नेपालका कुटनीतिज्ञले नेपाल सरकारलाई सुझाउन आवश्यक छ । नेपालले बिआरआई परियोजनामा हस्ताक्षर गरेको छ वर्ष पुगिसकेको छ ।

यसअघि प्रधानमन्त्री दाहाल दोस्रोपटक मुलुकको प्रधानमन्त्री भएका बेला सन् २०१७को मेमा सो परियोजनामा नेपालले हस्ताक्षर गरेको थियो । खासगरी सडक सञ्जाल र अन्य भौतिक पूर्वाधारका विषयलाई प्राथमिकतामा राखेर चिनियाँ वर्तमान राष्ट्रपति सि चिनफिङले सन् २०१३ बाट विश्व परियोजनाका रुपमा चीनले अघि बढाएको यो आयोजनामा नेपालले पनि निकै चासो र चर्चाका साथ हस्ताक्षर गरेको हो ।

यस अन्तर्गत नेपालले यहाँका सडक, पूर्वाधार र अन्य विकास आयोजनाको निर्माणमा सहयोग अपेक्षा गरेको छ । त्यसैले नेपालले यसअन्तर्गत गर्ने विभिन्न ३५ वटा परियोजनाको सूची प्रस्ताव गरेकामा चीनले नै नौ वटामा सहमति जनाएको थियो । सुरुङ तथा रेलमार्ग र अन्य विकास आयोजनालाई ती नौ आयोजनामा राखेर चीनले निर्माणको सहमति जनाएको हो । तर, आजका दिनसम्म पनि यस आयोजनाबाट अघि बढाइने भनिएका परियोजनाको अर्थपूर्ण शुरुवात गर्न सकिएको अवस्था छैन । ती परियोजना नेपालमा कुनै न कुनै रुपमा सञ्चालनमा आएका र आउने तयारीमा रहेका भए पनि तिनलाई बिआरआई परियोजनाको 'फ्रेमवर्क' भित्रै राखिएको भने छैन । त्यसैले यस विषयको थप स्पष्टता एवम् परियोजनाको कार्यान्वयन योजनाका लागि पनि प्रधानमन्त्री दाहालको चीन भ्रमण थप महत्वको छ ।

पछिल्ला दशकतिर चीनलाई चियाएर हेर्दा पूर्वाधार निर्माण र विकासको गतिलाई चीनले झनझन्दा झन द्रुत बनाएको छ । यो असाधारण उपलब्धिलाई हामीले पनि चीनसँगको बिआरआई सम्झौतासँग जोड्न सक्छौं कि ? अर्थात् बिरआरआई परियोजना कार्यान्वयन गर्न सक्दा हामीले पनि यसैबाट नेपालमा पूर्वाधार निर्माणको लाभ कसरी लिन सक्छौं ? प्रधानमन्त्रीको आसन्न भ्रमणमा बनाउनुपर्ने यो मुख्य एजेण्डा हो ।

पछिल्लो समय चीनले गरिबी उन्मूलन कार्यक्रमलाई सशक्तरुपमा अघि बढाएको छ । हुनत विश्व अहिले पनि कोभिड महामारीपछिको अवस्था (पोष्ट कोभिड पिरियड) मा छ तर सन् २०२० को अन्त्यतिरै चीनले करिब ८४ लाख चिनियाँलाई चरम गरिबीबाट माथि उकासेको प्रगति सार्वजनिक गरेको थियो । चीनले देशमा गरिबी निवारणको एजेण्डालाई सशक्त कार्यान्वयनमा ल्याएको छ । चिनियाँ राष्ट्रपति चिनफिङले सन् २०१४ मा चीनमा गरिबी निवारणको एजेण्डा अघि सारेर त्यसमा लाग्न सबै सरकारी निकाय र तिनका नीति तथा कार्यक्रमलाई निर्देशन दिनुभएको थियो ।

यो तथ्याङ्क अनुसार चीनको गरिबीविरुद्धको लडाइँ विश्वका अरु देशका लागि पनि महत्वपूर्ण उदाहरण हुनसक्छ । नेपालजस्ता छिमेकीका लागि त यो एउटा गतिलो सिकाइ हुनसक्छ । किनभने चीनले लिएको यो गरिबी निवारण कार्यक्रमको आधार भनेको कृषि हो । देशमा गरिबी घटाउन र हटाउनका लागि उनीहरुले कृषिमा लगानी बढाएका र महत्व दिएका छन् । कोरोना महामारी अघि र त्यसपछि पनि चिनियाँ कृषिउपज र त्यसको निर्यातमा ध्यान दिएका छन् । अन्न उत्पादनको यो अभियानबाट नेपालले केही ग्रहण गर्न सक्दा हामीजस्ता झण्डै कृषि प्रधान देशलाई फाइदा पुग्ने निश्चित छ ।

चीनले आगामी सन् २०३० को दशकलाई खाद्य सुरक्षास्तरमा उक्लिने उद्देश्य लिएको छ । खाद्य सुरक्षाका दृष्टिले विश्वको सुरक्षित देशको सूचीमा दर्ज हुने लक्ष्य चीनको छ । यसकारण पनि उनीहरु खाद्य सुरक्षा नीतिलाई अघि सारेका छन् । चीनको कृषि क्रान्तिबाट नेपालले पनि सिक्नुपर्ने बेला आएको छ । यसका लागि चीनबाट हामीले आर्थिक, प्राविधिक या वैज्ञानिक के तरिका या अनुशरण गर्ने ? परम्परागत कृषि प्रणालीमै रहिरहेका हामीहरुले यो शताब्दीमा कृषि प्रणालीको चिनियाँ मोडलका लागि के सहयोग लिने ? त्यो तयारी हामीले गर्नुपर्छ ।

नेपालको छिमेकी देश भएकाले नेपाल-चीन सम्बन्धमा समृद्धिको बाटो दुई देशबीचको नाकाको पनि हो । अहिले तातोपानी र केरुङ नाकाबाट आवतजावत भइरहेको छ । भूकम्पपछि स्थगित तातोपानी नाका आजका दिनसम्म आइपुग्दा बल्ल पूर्णरुपमा सक्रिय भएको छ । वि.सं. २०७२ को भूकम्पपछि नेपाल-चीनबीचको सो नाका पूर्णरुपमा बन्द भयो । त्यसको केहीपछि मात्र सीमितरुपमा सञ्चालन भएको नाका वि.सं. २०७६ फागुनमा विश्वव्यापीरुपमा कोरोना महामारी फैलिएपछि नाका पुनः बन्द भएको थियो ।

यो नाका २०८० वैशाख १८ बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । नाका बन्द भएको करिब आठ वर्षपछि शुक्रबारबाट मानिस पनि आवतजावत गर्न थालेका छन् । अब यो नाकाबाट दुवैतर्फ आगमनमा सहज हुनेछ । यसरी तातोपानी र केरुङमात्र अहिलेको अवस्थामा हेर्दा तुलनात्मक सक्रिय रहेकामा यी नाकाको सञ्चालनमा स्थायित्व प्रदान गर्दै अरु पनि केही नाका खुलाउनेतर्फ नेपाली पक्षको पहल हाम्रा लागि समृद्धिको आधार नै बन्नेछ ।

सन् २०१६मा नेपाल र चीनबीच पारवहन सम्झौतासमेत भएको भयो । यो सम्झौतालाई चीनको भूमि भएरै नेपाल तेस्रो मुलुकमा प्रवेश गर्नसक्ने भनेर व्याख्या पनि गरिएको थियो । यो सम्झौताको प्रयोग व्यावसायिक वा व्यापारिक प्रयोजनमा हुन सकिरहेको छैन । आजसम्म सम्झौतामै सीमित यो सम्झौताबाट नेपालले के लाभ लिन सक्ला त ? यसतर्फ पनि प्रधानमन्त्रीको आसन्न चीन भ्रमणले सोच्नुपर्ने देखिन्छ ।

चीनसँग नेपालको व्यापार घाटा बढ्दै छ । गत आर्थिक वर्ष २०७९/०८० मा नेपालले चीनबाट रु. दुई खर्ब २२ अर्ब ७१ करोडको आयात गरेको छ तर निर्यातको मात्रा भने भने टिठलाग्दो स्वरुपमा अर्थात् रु. एक अर्ब ७६ करोड मात्रै छ । संसारका उदीयमान शक्ति राष्ट्र भारत र चीनसँगै छ नेपालको व्यापार घाटा बढेको । तर हाम्रै छिमेकीको समृद्धिको समुद्रबाट हामीले कति पानी उभाउन सक्छौं ? यसबारेमा हामीले अब सोच्नुपर्छ । त्यसैले हामीले पनि व्यापार घाटा कम गर्ने उपाय खोज्ने काममा देशको राज्य संयन्त्रले प्रधानमन्त्रीलाई सुझाउनु आवश्यक छ ।

उता उत्तरी छिमेकीले कृषिउपजकै सहायता लिएर देशमा गरिबी घटाउने योजना सफल बनाउँदैछ तर यता हाम्रो कृषि उत्पादनको धरातल दिन प्रतिदिन भत्किँदैछ । हामी खाद्यान्नकै लागि पनि परनिर्भर हुँदै गएका छौं । त्यसैले पनि अब हाम्रो परम्परागत कृषि उत्पादनले हामीलाई थेग्न सक्ने अवस्था छैन । यसका लागि अब हामीले कृषि प्रणाली अत्याधुनिक र उत्पादकत्वमा मात्र आधारित बनाउनुपर्ने आवश्यकता छ । चिनियाँबाट उत्पादन प्रणालीको सहायताका लागि हामीले प्रस्ताव गर्नुपर्छ ।

पर्यटन छिमेकीसँग जोडिएको नेपालको अर्को महत्वपूर्ण चासो हो । उत्तर र दक्षिण छिमेकीको जनसंख्या साढे दुई अर्बभन्दा बढी छ तर हामी भने केही लाख पर्यटक खोज्न कता कता भौंतारिने गरेका छौं । यहींबाट वर्षमा ५० लाख जति पर्यटक ल्याउन सक्दा हाम्रो समृद्धिको यात्रा धेरै छोटिने छ । सबैलाई यो थाहा त छ तर गर्ने कसरी ? यस्तै अन्योलले नै हाम्रो मुलुकका पर्यटनका सबै सम्भावना दिन प्रतिदिन खेर गइरहेका छन् ।

यता चिनियाँ सहयोग तथा संलग्नतामा पोखरा र लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल तयार छन् । हामी त्यहाँबाट बाह्य मुलुकमा जहाज उडाउन सकेका छैनौं । यसका लागि पनि हाम्रा कुटनीतिक पहल अबका दिनमा थप दरिला हुनु आवश्यक छ । चीनको अधिकांश जनसंख्या लुम्बिनी आउन इच्छुक छ, यता विमानस्थल तयार पनि छ । ती विमानस्थलबाट जहाज उडाएर विश्वका बौद्धमार्गीसमक्ष यो खुशीको खबर पुऱ्याउन सकिएको छैन । नत यो खुशीको सञ्चार देशभित्रै देशव्यापी हुन सकेको छ । यसका लागि पनि सरकारको दरिलो कुटनीति आवश्यक छ र त्यसको शुरुवात आसन्न चीन भ्रमणबाट हुन सक्छ । त्यसैले प्रधानमन्त्रीको चीन भ्रमणमा पर्यटन पनि एक अत्यावश्यक एजेण्डा बन्नुपर्दछ ।

विश्वको लोकप्रिय लुम्बिनी र नेपालमा आएका पर्यटकमध्ये कम्तीमा पनि ४० प्रतिशत पुग्ने पोखराजस्तो पर्यटकीय गन्तव्यलाई यी दुई विमानस्थलमार्फत संसारसँग कसरी जोड्न सकिएला ? यस विषयको आवश्यक थाल्न अब ढिला भइसक्यो । नेपालको समृद्धि पर्यटन र बिजुली व्यापारमै छ । यसका लागि चिनियाँ लगानीकर्तालाई कागजी नीतिमा मात्र नभएर वास्तवमै र व्यवहारिक रुपमै आकर्षित गर्नु आवश्यक छ ।

नेपालको उत्तर र दक्षिण दुवैतर्फ विशाल बजार छ । ती बजारमा सानो हिस्सा ओगट्न पाए पनि नेपालको समृद्धिको ढोका खुल्छ । चीनलाई नेपालको बाटो हुँदै दक्षिण एशियाली बजारसम्म जोड्ने पुल हामी बन्न सक्यौं भने यसको लाभ हामीलाई पनि मिल्नेछ । चीनसँग नेपालले पाएका सुविधाको प्रयोगमा पनि यो भ्रमण केन्द्रित हुनु जरुरी छ । हामीले पाएका शून्य भन्सार सुविधाबमोजिमका वस्तुको आदानप्रदान हुन सकेको छैन । भन्सार सुविधा लिन नसक्नुका बाधा अड्चनबारे पनि अहिले नै छलफल हुनु जरुरी छ । यसका साथै चीनले छिमेकीका नातालै हालै नेपालको पुरानै नक्सा सार्वजनिक गरेकाले यस विषयमा पनि प्रधानमन्त्री दाहालको आसन्न भ्रमणमा स्पष्ट कुरा हुनु जरुरी छ । सीमा या अन्य यस्तै द्विपक्षीय कूटनीतिक विषय फैलिन नपाउँदै वार्ताको टेबलमा ल्याएर स्पष्ट गर्न सकिएन भने पछि अर्थपूर्ण नरहन पनि सक्छ । त्यसैले नेपालको कुटनीतिक संयन्त्र अहिले नै यसतर्फ सजग हुनु जरुरी छ ।

दैनिक स्याउ खाँदा यस्ता फाइदा

तपाईं नियमित स्याउ खानुहुन्छ ? खानुहुन्न भने आजैदेखि खान शुरु गर्नुस् । किनकि दैनिक एउटा या दुईटा स्याउ खानेलाई मुटुको रोग लाग्ने सम्भावना कम हुने एक अनुसन्धानबाट पुष्टि भएको छ ।

अंग्रेजीमा उखानै छ- एन एपल अ डे किप्स डक्टर अवे अर्थात् दिनमा एउटा स्याउ खानुभयो भने तपाईं बिरामी भएर डाक्टरकोमा जानुपर्दैन ।

दैनिक स्याउ खानेको शरीरमा को लेस्ट्रोलको मात्रा कम हुन्छ । त्यतिमात्र होइन, स्याउ खाँदा रगतमा सुगरको मात्रा सन्तुलनमा हुने, अरुची नहुने र फोक्सो स्वस्थ हुनेजस्ता फाइदा हुन्छन् । नियमित स्याउ खानेलाई क्यान्सर हुने सम्भावना पनि कम हुन्छ । अनुसन्धानका क्रममा १ सय ६० जना महिलालाई एक वर्षसम्म दिनहुँ ड्राइड् (सुकाएको) स्याउ र ड्राइड् आलुबखडा खान लगाइएको थियो ।

यसबाट उनीहरूको स्वास्थ्यमा परेको प्रभाव मापन गर्न तीन, छ र १२ महिनामा उनीहरूको रगत परिक्षण गरिएको थियो । रगत परिक्षण गर्दा स्याउ खाने महिलाको शरीरमा कोलेस्ट्रोलको मात्रा १४ प्रतिशतले कम भएको थियो । साथै, उनीहरूको वजन करिब साढे एक किलो कम भएको थियो। अनुसन्धानमा संलग्न डा. बाहरम एच अर्जमान्दीका अनुसार आलुबखडा खाने महिलाका स्वास्थ्यमा पनि केही प्रगति देखिएको थियो, तर स्याउ खानेका भन्दा कम ।

जान्नुहोस् अरु फाइदा:

सेतो र स्वस्थ दाँत: स्याउ चपाँउदा र टोक्दा निस्कने रयालले दाँत सङ्नबाट बचाउनुको साथै ब्याक्टेरियाको संख्या घटाउँछ ।

एल्जाइमर हुन दिँदैन: स्याउले मस्तिस्कलाई बुढो हुन दिँदैन र हरदम स्वस्थ र तन्दुरुस्त राख्छ ।

डायबीटीज हुन दिँदैन : हरेक दिन एक दाना स्याउ खाने मानिसमा टाइप २ डायबीटीज हुने सम्भावना २८ प्रतिशतले कम हुन्छ ।

कोलेस्टेरोल घटाउँछ: स्याउमा पाइने घुलनसिल फाइबर आन्द्राको चिल्लो पदार्थसंग बाधिन्छ र शरीरमा कोलेस्टेटोलको मात्रा कम हुन्छ ।

स्वस्थ मुटु : स्याउमा पाइने फाइबरले धमनीका भित्ताहरुमा कोलेस्टेरोल जम्न नदिइ रक्तसञ्चारलाई स्वस्थ बनाई राख्छ ।

पित्तथैलीको पत्थरी: पित्तथैलीमा भएको पित्तमा कोलेस्टेरोलको मात्रा बढी भएमा त्यो जम्न गई पत्थरी हुन्छ । स्याउ खाँदा त्यसमा भएको फाइबरले कोलेस्टेरोलको मात्रा घटाई पित्तथैलीको पत्थरी हुन दिँदैन ।

झाडा पखला तथा कब्जियत : स्याउमा भएको फाइबरले झाडा पखलाको बेला धेरै पानी सोसी झाडा पखला नियन्त्रण गर्छ । त्यसैगरी कब्जियत भएको बेला त्यही फाइबरले कोलनबाट पानी तानी कब्जियत निको पार्न मद्दत गर्छ ।

तौल नियन्त्रण : धेरै नर्सने रोगहरु जस्तै मुटुरोग उच्चरक्तचाप मधुमेह आदि शरीरको तौलसंग सम्बन्धीत हुन्छ । स्याउमा पाइने धेरै फाइबर र कम क्यालोरीले शरीरको तौल नियन्त्रण गर्न मद्दत गर्छ ।

कलेजोको शुद्धिकरण : शरीरमा छिर्ने खानामा धेरै विषालु पदार्थहरु रहेका हुन्छन् । त्यसलाई शरीरको रक्तसञ्चार प्रक्रियासम्म पुग्नबाट रोक्ने काम कलेजोले गर्छ । जसले गर्दा कलेजोमा विषालु पदार्थ भरिएको हुन्छ । स्याउ एक त्यस्तो फल हो जसले कलेजोलाई शुद्ध र सफा गर्न मद्दत गर्छ ।

रोगप्रतिरोधात्मक क्षमता : स्याउमा पाइने क्यूएरसेटिन नामक एन्टी अक्सिडेन्टले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।

गठबन्धन सैद्धान्तिक धरातलमा गर्ने कि सत्ता प्राप्तिका लागि मात्र ?

इ. महेन्द्र पराजुली

बहुदलीय व्यवस्थामा दलहरूबीच गठबन्धन नभएर मोर्चाबन्दी हुनु स्वाभाविक मानिन्छ संसदीय निर्वाचनमा । संसदीय लोकतान्त्रिक व्यवस्था अङ्गीकार गरेका मुलुकहरूमा राजनीतिक र सैद्धान्तिक आधारमा गठबन्धन गर्ने प्रचलन रहँदै आएको छ निर्वाचनपश्चात् सरकार निर्माणमा ।

नेपालको हकमा भने राजनीतिक मूल्य, मान्यता र सैद्धान्तिक आधारको धरातलमा नभएर केवल सत्ता प्राप्तिको भर्‍याङ बन्दै आएको छ, मोर्चाबन्दी अनि गठबन्धन । मोर्चाबन्दी अनि गठबन्धनमा पनि खरो उत्रन सकेनन् नेपालका राजनीतिक दलहरू । आफूलाई अनुकूल वा प्रतिकूल हुनासाथ एकले अर्कालाई छिर्के दाउ हान्ने संस्कृति विकास हुँदै गएको छ राजनीतिमा । गठबन्धन भत्कने र जोडिनेले गर्दा देशमा राजनीतिक स्थायित्व हुन सकेन भने सरकार सँधै अस्थिर हुँदै आए ।

जसको परिणाम देश र जनताले दुःख पाउँदै आएका छन् । हाम्रो निर्वाचन प्रणालीमा कुनै पनि दलले बहुमत प्राप्त गर्ने सम्भावना न्यून भएको हुँदा निर्वाचनपछि सरकार निर्माणमा दलहरूबीच गठबन्धन आवश्यक हुन्छ नै तर त्यसो भन्दै गर्दा निर्वाचन अघिको गठबन्धन सत्ता केन्द्रित हुने हुँदा त्यो भने राम्रो पक्ष मान्न सकिँदैन । निर्वाचनपछिको गठबन्धनले विवादरहित रूपमा सरकार चलाएर पूर्ण कार्यकाल पूरा गरेका उदाहरण छन् अन्य मुलुकमा । गठबन्धनको संस्कृति नयाँ प्रयोग र अभ्यास भने होइन ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले नेतृत्व गरेको सरकारका सत्ता गठबन्धन दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी पार्टी र जनमोर्चा नेपालले पाँच दलीय गठबन्धन गर्ने निर्णय गरे प्रदेश र प्रतिनिधिसभा निर्वाचन-२०७९को लागि । त्यस्तै गरेर नेकपा एमालेको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपाल परिवार दल, जनता प्रगतिशील पार्टी, वीपी काइ्ग्रेस, स्वतन्त्र गरी अर्को गठबन्धन बन्यो । दलहरूले चुनावी सहकार्य वा तालमेल जे भने पनि त्यो अघोषित रूपमा गठबन्धन नै थियो ।



दलहरूका गलत प्रयोग र उपयोगका कारण गठबन्धनको सिद्धान्त र मर्ममाथि नै प्रहार भएको छ । आफ्नो गठबन्धनमा आउँदा कुनै अमुक दल अग्रगामी हुने अनि गठबन्धन छोडेपछि त्यही दल प्रतिगामी हुने भाष्य निर्माण भएको छ भने परम्परा समेत त्यसै अनुसार विकसित हुँदै गएको छ नेपालको राजनीतिमा । नेपालका राजनीतिक दलहरूले गठबन्धनको संस्कृतिको दूरूपयोग गर्दा कुनै निर्णायक शक्तिको रूपमा नरहेका साना दल पनि हावी हुने गरेका छन्- सरकार निर्माणमा । सरकार निर्माण र टिकाउन जे-जस्तो हतकण्डा पनि प्रयोग गर्ने गरेका छन् दलहरूले । भागबण्डाको राजनीतिले भ्रष्टाचार बढ्दो छ भने सुशासन र डेलिभरी धेरै टाढाको विषय बनेको छ ।

साम्यवादी सिद्धान्त र समाजवादी कार्यनीति उद्देश्य लिएको नेकपा माओवादी केन्द्र र समाजवाद भने पनि पूँजीवादी राजनीतिलाई अनुशरण गर्दै आएको नेपाली काङ्ग्रेसबीचको गठबन्धन होस् या हिन्दू धर्म र राजतन्त्रको वकालत गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र कम्युनिष्ट पार्टीको खोल ओढेको जनताको बहुदलीय जनवाद (जबज) आफ्नो आदर्श मान्ने नेकपा एमालेबीचको गठबन्धन र तालमेल दुबै अप्राकृतिक हुन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन अघिको सत्तारुढ गठबन्धनको एउटा घटक जनता समाजवादी पार्टी (जसपा) ले आफूले भने जति सिट नपाउने भएपछि २१ असोज २०७९मा पाँच दलीय गठबन्धनबाट बाहिरिएसँगै नेकपा एमालेले नेतृत्व गरेको गठबन्धनमा रहेको अर्को मधेसवादी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बालुवाटार भित्रियो भने जनता समाजवादी पार्टी (जसपा) नेकपा एमाले अध्यक्ष कमरेड खड्गप्रसाद ओलीको दौराको फेर समाउन पुग्यो २२ असोजमा ।

सत्ता गठबन्धन दहरूसँग उम्मेदवार भागबण्डाको मोलमोलाई नमिलेपछि कमरेड ओलीको प्रतिगमनविरुद्ध आन्दोलित जनता समाजवादी पार्टी (जसपा) ओलीको शरणमा पऱ्यो भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भने ओलीको बुईबाट ओर्लिएर शेरबहादुर देउवाको फेर समाउन पुग्यो । यी दुबै मधेसवादी दलको एकले अर्कालाई छिर्के दाउ हान्ने प्रयोग गलत हो । सत्ता गठबन्धनले जनता समाजवादी पार्टी (जसपा) लाई बढीमा १३-१४ सिट मात्र दिने सुइँको पाएपछि (जसपा) प्रति सहानुभूति देखाउँदै नेकपा एमाले अध्यक्ष कमरेड केपी शर्मा ओलीले २५ सिटको तुरुप फाले (जसपा) लाई । लिखित सम्झौतामा भने त्यो सिट झरेर १७मा पुग्यो ।

सत्ता गठबन्धनले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई मधेस प्रदेशमा प्रतिनिधिसभातर्फ ७ र प्रदेशसभातर्फ १६ सिटको भागबण्डा दियो । आफ्नै कारण मधेसप्रदेशमा समेत मधेशवादी दलहरूले अन्य ठूला दलको वैशाखी टेक्नु परेको छ । उनीहरूको कद घट्दै शाख जोगाउन समेत हम्मेहम्मे पर्दै गएको छ । एकले अर्कालाई देखाइदिने प्रवृत्तिका कारण उनीहरूको कमजोर अवस्था भएको हो ।

सोमबार बिर्तामोडमा सदभाव च्याली

बिर्तामोड, भदौ १६। ॐकार परिवार झापाले आगामी भदौ १८ गते सोमबार झापाको बिर्तामोडमा गोवंश तथा स्वधर्म संरक्षण शान्ति सद्भाव च्यालीको आयोजना गर्ने भएको छ ।

ॐकार परिवार झापाले बिर्तामोडमा पत्रकार भेटघाटको आयोजना गरी भड्किएको सामाजिक सद्भावप्रति चिन्ता व्यक्त गर्दै शान्ति सद्भाव च्यालीको आयोजना गरेको हो । केही दिनअघि सुनसरीको धरानमा गोवंश हत्या गरी सार्वजनिक रुपमा सामाजिक सञ्जालमा राखेर विश्व ॐकार परिवारको आस्थामाथि प्रहार गरेको निष्कर्ष निकाल्दै ॐकार परिवार झापाले विरोध च्याली गर्न लागेको जनाइएको छ ।

गौ माता (गाई) विश्वकी माता र विश्व ॐकार परिवारकी आराध्य देवी भएकी र नेपालको वर्तमान संविधानको धारा ९ को उपधारा ३ ले गाईलाई राष्ट्रीय जनावरको रूपमा संरक्षण गरेको शंकाराचार्य पिठ साधुटारको अध्यक्ष तथा ॐकार परिवार झापाका प्रवक्ता लक्ष्मीप्रसाद खतिवडाले बताए । देशैभर गाई काटेर खान पाउनुपर्छ भनेर केही हिंस्रकले धरान उप-महानगरपालिका प्रमुख र प्रमुख जिल्ला अधिकारी सुनसरीलाई ज्ञापनपत्र समेत बुझाएर अनादिकालदेखि धार्मिक सहिष्णुतासँग मिलेर बसेको समाजका बीच धार्मिक तथा सामाजिक सद्भाव भड्काउने कार्यले विश्व ॐकार परिवार मर्माहत भएको बताइएको छ ।

ॐकार परिवार झापाले असंख्य व्यक्तिको उपस्थितिमा बिर्तामोडमा भदौ १८ गते सोमबार बिहान ११ बजेबाट गोवंश तथा स्वधर्म संरक्षण शान्ति सद्भाव च्यालीको आयोजना गरेको छ । पत्रकार भेटघाट कार्यक्रममा संयोजक नन्दकिशोर भारद्वाज, प्रसाद सुब्बा, मुस्लिम समाजका पूर्व झापा अध्यक्ष अलिअमिन शेख, बिदुसी बिन्दा बराल, पं. शान्तिराम नेपाल, सोमनाथ सुवेदी, आशुतोष खनाल, अग्नि सिग्देल, डिके लामा लगायतको उपस्थिति रहेको थियो ।

पिठ्युँमै बोकेर घर-घरमा गलैंचा पुऱ्याउनेको पेशा संकटमा

छविराज ढकाल

पथरीशनिश्चरे, भदौ १६। मध्यान्ह दिउँसो टन्टलापुर घाम, हफहफ गर्मी, तर्तरी चुहिरहेको पसिना, पसिनाले भिजेको शरीरका लुगा, पिठ्युमा सिरानी, खोल, गलैंचा र ब्लाङ्केट आदि कपडाहरू, पसिनाले भरिएको अनुहार र नेपाली टोपी पुछ्दै हिँड्दै गरेको अवस्था ! आज एउटा गाउँ त भोलि अर्कै ठाउँको पैदलयात्रा !

हो, त्यस्तै दैनिकीमा भेटिए सुदुरपश्चिम प्रदेशका कैलाली घोडाघोडी नगरपालिका-४ गैडाखाडाका ५० वर्षे चन्द्रकृष्ण न्यौपाने । हालै उनी मोरङको पथरीशनिश्चरे-२ को नगर अस्पताल मार्गमा भेटिएका थिए । ३० वर्षदेखि निरन्तर उनी यही फाइबर गलैंचा व्यापार गर्दै आएका छन् । तर, यतिबेला यो पेशामा पनि संकट र असर देखिएको छ ।

पश्चिमी नेपालका अधिकांश मानिसहरू भौगोलिक विकटता, विषम जलवायु र कम उर्बर जमिनका कारण बर्षेनि हजारौं नेपाली युवाहरू भारत नेपालका विभिन्न स्थानमा मजदुरी र सानो पुँजीको एकल व्यापार गर्न बाध्य बन्नु परिरहेको छ । सोही कारण नेपाल र भारतका विभिन्न ठाउँहरुमा पुगी फाइबर कपडाहरू बिक्री गरी राम्रो आम्दानी गर्दै आएका उनलाई अहिले विश्वभर नै समस्याको रूपमा रहेको आर्थिक मन्दीले धक्का दिएको महशुस गराएको छ ।

उनी ३५-४० हजार मूल्य बराबरको फाइबर- गलैंचा पिठ्यूँमा बोकेर आजकल नेपालको कोशी प्रदेशका विभिन्न शहर र ग्रामिण भेगका घर-घरमै पुगेर हरेक दिन पुग्दछन् । गरिबीका कारण किशोर अवस्थाको कल्कलाउँदो उमेरमै भारतका विभिन्न स्थानका साहु महाजनको घरदैलोमा

पुगेर त कहिले सडक-रोड सम्बन्धी कुल्ली बनेर मजदुरी नगरेका पनि होइनन् । पछिल्लो समयमा आफ्नै मुलुकमा महँगीले आकाश चुम्दा उनी अचम्मित छन् । खासगरी कोरोना भाइरसको संक्रमणपछि नेपालकै विभिन्न भू-भागमा पुगेर र डुलेर व्यापार गर्दै आएका उनी भारतका विभिन्न शहर र गाउँहरूमा फाइबर व्यापार गर्दथे ।

भारतका मनिपुर, सिक्किम, दार्जिलिङ, नयाँ दिल्ली, देहरादून लगायतका विभिन्न स्थानमा व्यापार गरेका उनी पछिल्लो समयमा जीवन निर्वाहका लागि संघर्ष कठिन हुँदै गैरहेको अनुभव सुनाउँछन् । अनलाईन व्यापार, शेयर कारोबार, बैंकिङ जस्ता विभिन्न माध्यम मार्फत व्यापारले व्यापकता पाउँदै गएपछि पिठ्यूँको व्यापारमा नोक्सानी व्यहोर्नुपरेको सुनाउँछन् । आर्थिक मन्दीको चपेटामा गाउँ-गाउँमा फैलिसकेको बताउने उनी विगतको तुलनामा व्यापारमा कम नाफा आर्जन हुने सुनाउँछन् । नेपालमा अचाक्ली महँगी बढेको भन्दै अगाडि भन्छन्- 'हाम्रो देशमा महँगी बढी छ । भारतको तुलनामा हरेक सामानहरूमा भाऊ बढ्दो छ । भारतमा भारतीय ३५/४० रूपैयाँले एकछाक मज्जाले खानेकुरा किनेर खान सकिन्छ । तर, नेपालमा भने सामान्य एकछाक खानाका लागि १२० देखि १५० रूपैयाँसम्म खर्च हुने गर्दछ । कोरोना संक्रमण पछिका वर्षयता उनी नेपालका विभिन्न गाउँ र बस्तीहरूमा पुगेर व्यापार गरिरहेका छन् ।

विश्व आर्थिक मन्दीको चपेटामा परिरहेका उद्योगी व्यवसायी र व्यापारीहरू जस्तै उनको पनि सानो लगानीको व्यापारमा ठूलो असर र प्रभाव पारिरहेको छ । यतिखेर गाउँघरमा 'अफ सिजन' छ । खर्च गर्ने मान्छेसँग पैसा नै छैन् ।' कोरोना भाइरसको संक्रमण बढ्नु अघिका वर्षहरूमा त उनी निस्फिक्री भारतका शहरहरूमा राम्ररी घरदलोमै पुगेर सामानहरू बेचेरै मनग्ये दाम कमाउँथे ।

त्यतिबेला उनले १५ कट्ठा खेतीयोग्य जग्गा पनि किन्न सफल भए । आफ्ना तीन छोरालाई डिग्री, एच ए र सिभिल इञ्जिनियरिङसम्मको उच्च शिक्षा दिलाउन सफल भए । नेपालमा भन्दा भारतका नयाँ दिल्ली, देहरादून, सिक्किम आदि क्षेत्रमा डुलेर गरेको तीन-चार महिने व्यापारबाट खाजा र खानाको खर्च कटाएर पनि कम्तीमा तीन लाख रूपैयाँ कमाएर घरमा पठाउँथे ।

तर, आफ्नै देशमा गरिरहेको व्यापारमा उनी सन्तुष्ट देखिएनन् । नेपाली बजारमा खाद्य सामग्रीहरुको महँगी अचाक्ली बढेको कारण पैसा बचाउनै धौ-धौ उत्पन्न भएको सुनाए । विदेशीले पठाएको रेमिट्यान्सले नेपालीहरूको घर व्यवहार धानेको र महँगी अचाक्ली बढेको कारण दैनिक उपभोग्य खाद्यान्न सामग्रीहरू तथा अन्यमा महँगी बढेको आफ्नो ३० वर्षे व्यापार-अनुभूति समेत पोख्न भ्याए ।

उपचारमा आर्थिक सहयोगको अपिल

हल्दिबारी, भदौ १६। क्यान्सर रोग लागेर उपचारमा लाखौं रुपैयाँ खर्च गरिसकेका एक व्यक्तिको परिवारले आर्थिक सहयोगको अपिल गरेको छ । क्यान्सर रोग लागेर आफ्नो भएको सम्पत्ती सकिएपछि झापाको हल्दिबारी गाउँपालिका वडा नम्बर १ स्थित फारलाइनका क्यान्सर रोगी ४७ वर्षीय लोकबहादुर रायमाझीको परिवारले सबै समक्ष सहयोगको अपेक्षा गरेको हो ।

वैदेशिक रोजगारीको सिलसिलामा साउदीमा रहँदा तीन वर्षअघि अल्सरको शल्यक्रिया गरेका लोकबहादुरलाई पेटको क्यान्सर भएपछि हाल भारतको दिल्लीस्थित मेदान्त अस्पतालमा उपचारत रहेका छन् । पेटको समस्या भएर काठमाडौंको टिचिङ अस्पतालमा परिक्षण गराउँदा उनलाई क्यान्सर भएको गत माघमा पत्ता लागेको उनकी बुहारी सीता रायमाझी र मेनुका तामाङ (रायमाझी)ले जानकारी दिए । उनको उपचारमा हालसम्म २५ लाखभन्दा बढी रुपैयाँ खर्च भइसकेको र अब ३० लाखभन्दा बढी रुपैयाँ भए उनको ज्यान बच्ने उनका भतिज प्रज्ज्वल रायमाझीले बताए । क्यान्सर रोगी लोकबहादुरकी एक १४ वर्षीया छोरी छिन् भने उनकी श्रीमती बिशुमाया राई हाल श्रीमानको उपचार र रेखदेखको लागि दिल्लीस्थित अस्पतालमै रहेकी उनका सालो जशु राईले जानकारी दिए ।

सामान्य परिवारका लोकबहादुरको उपचारमा भएको सबै सम्पत्ती सकिएपछि अहिले थप उपचारका लागि परिवारले बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको गंगामाया नगरबहादुर बस्नेत क्यान्सरपीडित सहयोग संस्थालाई सहयोगका लागि गुहारेको छ । गंगामाया नगरबहादुर बस्नेत क्यान्सरपीडित सहयोग संस्थाका अध्यक्ष भूपाल बस्नेतले क्यान्सर रोगी लोकबहादुरको घरमै पत्रकार भेटघाटको आयोजना गरी उनको उपचारमा आर्थिक सहयोग गरिदिन सबैमा आग्रह गरेका छन् ।

अध्यक्ष बस्नेतले आर्थिक संकलनका लागि बिभिन्न ठाउँमा स्थानीय युवाहरुलाई समेटेर समिति गठन गरेर आर्थिक संकलन गरिने बताएका छन् । पत्रकार भेटघाट कार्यक्रममा संस्थाका सह-सचिव कुमार याक्सो, सदस्य झुमा कार्की, स्थानीय लगायतको उपस्थिति रहेको थियो । लोकबहादुरलाई सहयोग गर्नेले उनकी श्रीमती बिशुमाया राईको नाममा रहेको सानीमा बैंक काठमाडौं शाखा खाता नम्बर ००९०११०९०००००९७९ मा सहयोग गर्न सकिनेछ ।

लाइफ इन्स्योरेन्सद्वारा बिरामीलाई फलफूल वितरण

भद्रपुर, भदौ १६। रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले प्रादेशिक अस्पताल भद्रपुरका बिरामीलाई खाद्यान्न तथा फलफूल वितरण गरेको छ ।

रिलायबल इन्स्योरेन्स लिमिटेडको छैटौं वार्षिकोत्सवको अवसरमा भद्रपुर शाखाले अस्पतालका बिरामीलाई खाद्यान्न तथा फलफूल वितरण गरेको हो ।

साथै शाखाले अस्पतालका पोषण गृहका बालबालिकाहरूलाई समेत फलफूल वितरण गरेको कम्पनीका एमडी आरटी तथा सिनियर एजेन्सी मेनेजर बाबुराम अधिकारीले जानकारी दिए ।

करिब एक सय जना बिरामीलाई खाद्यान्न तथा फलफूल वितरण गरिएको कार्यक्रममा भद्रपुर तथा बनियानी शाखाका कर्मचारीहरूको सहभागिता रहेको भद्रपुर शाखाका प्रमुख नीरप्रसाद अधिकारीले जानकारी दिए ।

रिलायबलले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत अन्य सेवामूलक कार्यक्रमहरू समेत गर्दै आइरहेको उनले बताए ।

कमलका प्रमुख प्रशासकीय अधिकृत शाक्य पुरस्कृत

कमल, भदौ १६। कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्य उत्कृष्ट राष्ट्रसेवक कर्मचारीका रुपमा पुरस्कृत भएका छन् ।

नेपाल निजामति कर्मचारी संगठनले प्रमोद तामाङ उत्कृष्ट राष्ट्रसेवक कर्मचारीका रुपमा शाक्यलाई पुरस्कृत गरेको हो ।

भद्रपुरमा आयोजित कार्यक्रममा शाक्यसँगै कन्काई नगरपालिकाकी कर्मचारी टीकादेवी दवाडी समेत पुरस्कृत भएकी छन् ।

त्यस्तै प्रमोद तामाङ स्मृति सुशासन पत्रकारिता पुरस्कारबाट आँखा अनलाइन तथा नागरिक एफएमका सम्पादक इश्वर अधिकारी समेत सम्मानित भएका हुन् ।

सम्मानित व्यक्तिलाई नगद, दोसल्ला र प्रमाणपत्रसहित सम्मान गरिएक आयोजकले जनाएको छ । दुबै पुरस्कार नेपाल निजामती कर्मचारी संगठन झापाले स्थापना गरेको हो ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ढलक भएमा सर्भिसको व्यवस्था छ ।

निःशुल्क स्वास्थ्य शिविर

यही मिति २०८०/०५/१३ र १४ गते बिहीबारका दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसीमा आयुर्वेदका डाक्टर र फिजियोथेरापीका डा. ले निःशुल्क चेकजाँच गर्ने । साथै विभिन्न सेवा मा विषेश छुटको समेत व्यवस्था गरिएको छ । अनि १४ गते बिहीबार वृहत रक्तदान कार्यक्रमको पनि आयोजना छ नबिर्सी आउनु होला ।

विस्तृत जानकारीका लागि :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

डिजिटल तराजु

विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्गा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०७०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

TEACHER VACANCY ANNOUNCEMENT

First Date of Publication: 15th Bhadra, 2080

KANKAI Secondary School, a state-aided community school, is urgently seeking a dedicated, dynamic, energetic, hardworking, proactive and result-oriented teacher for English medium classes.

Post: Lower Secondary Level Maths/Science Teacher
Qualification: 10+2 in Science Stream or equivalent
He/She should be able to teach Science, Maths and Health. Candidates having teaching experience and higher qualification will be preferred.
Salary: Government Scale (School fund)
Duration: 1 year contract (likely to be extended)
Age bar: 18-40
Type of recruitment process: written test, practical test and class demo followed by interview
Application charge: Rs.1000 (One thousand rupees)
Contact date: 22nd Bhadra, 2080 after 4 PM
Test date: will be informed on the contact date

*Qualified and interested Nepali individuals are requested to submit their handwritten applications, complete CV and testimonials by **22nd Bhadra, 2080 till 4 PM.***

Chandra Prasad Prasai
Coordinator (Teacher Selection Committee)
KANKAI SECONDARY SCHOOL
Kanakai Municipality-3, Surunga
(Contact No.023-552125/ 9842672767/ 9852650125)

उच्च गुणस्तर सुलभ मूल्य

सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.- ४ झापा

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२,
९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको

बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्नेछ ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
दिन सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
आजको दिन शुभ फलदायि रहेको छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
तपाईंको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दावी गर्न सक्छन् धैर्य रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।